# नरैनापुर राजपत्र

खण्ड : २ संख्या :४ नरैनापुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नरैनापुर, बाँके प्रकाशित मिति : २०७५/०४/०१

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नरैनापुर गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

भाग — ०१

नरैनापुर गाउँपालिका, बाँके

स्वीकृत मिति २०७५/०३/०२

## आर्थिक ऐन, २०७५

**प्रस्तावना**

**नरैनापुर गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम नरैनापुर गाउँ सभाले यो ऐन बनाएको छ।**

**१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन २०७५" रहेको छ।**

**(२) यो ऐन २०७५ साल साउन १ गतेदेखि नरैनापुर गाउँपालिका क्षेत्रमा लागू हुनेछ।**

**२. सम्पत्ति करः गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिमको सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।**

**३. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिमको भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।**

४. बहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन , घर , पसल , ग्यारेज ,गोदाम टहरा ,छप्पर , जग्गा,मेशिनरी औजार आदी भाडामा दिएमा अनुसुचि (३) बमोजिमको वहाल कर लगाइने र असुल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. जडिबुटी , कवाडी र जीवजन्तु करः गाउापालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, बनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जविजन्तुको हाडक, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसुचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. मनोरञ्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुचि (७) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. बहाल विटौरी करः गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूची मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. जरिवाना : गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनको बर्खीलाप हुने गरी कार्य गर्नेलाई अनुसूची(१०)बमोजिम जरिवाना हुनेछ ।

१२.विविधः घाट उत्राहीमा लाग्ने कर अनुसूची(११) बमोजिम हुनेछ ।

१३.कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर नतिर्ने व्यक्ति तथा संस्थाको हकमा नागरिकता सिफारिस र व्यक्तिगत घटना दर्ता बाहेक गाउँपालिकाले प्रदान गर्ने अन्य सेवा सुविधाबाट बञ्चीत गरिनेछ ।

१४.कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः यो ऐनमा भएको व्वस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

# अनुसूचि-१
# सम्पत्ति कर
## संरचनाको मूल्यांकन दर

| सि.नं | संरचनाको विवरण | प्रति बर्गफिट मूल्यांकन | कैफियत |
|---|---|---|---|
| १ | आर.सि.सि फ्रेम स्ट्रक्चर | १५००/- | |
| २ | पाको ईटा र ढलाई(सिमेन्ट वा माटोको जोडाई) | १०००/- | |
| ३ | काठको खाम्बा खर,खपटा,टिनको छानो | १००/- | |
| ५ | बारेको खरको छाना र माथि खुल्न नसकेका अन्य सबै | ५०/- | |

## सम्पत्ति करको दर

| सि.नं | करयोग्य सम्पत्तिको मूल्य | बार्षिक दर रु. |
|---|---|---|
| १ | १० लाख सम्म | १००/- |
| २ | १० लाख देखी माथी जतिसुकै भएपनि | १० प्रति लाख |

## संरचनाको ह्रास दर

| संरचनाको किसिम → संरचनाको आयु ↓ | आर.सि.सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | 6 | 9 | 12 | 15 | 20 |
| ३- ६ वर्ष | 12 | 18 | 24 | 30 | 40 |
| ६- ९ वर्ष | 18 | 27 | 36 | 45 | 60 |
| ९- १२ वर्ष | 24 | 36 | 48 | 60 | 80 |
| १२- १५ वर्ष | 30 | 45 | 60 | 75 | 90 |
| १५- १८ वर्ष | 36 | 54 | 72 | 90 | 90 |

| | | | | | |
|---|---|---|---|---|---|
| १८- २१ बर्ष | 42 | 63 | 84 | 90 | 90 |
| २१- २४ वर्ष | 48 | 72 | 90 | 90 | 90 |
| २४- २७वर्ष | 54 | 81 | 90 | 90 | 90 |
| २७- ३० वर्ष | 60 | 90 | 90 | 90 | 90 |
| ३०- ३३ वर्ष | 66 | 90 | 90 | 90 | 90 |
| ३३- ३६ वर्ष | 72 | 90 | 90 | 90 | 90 |
| ३६- ४० वर्ष | 78 | 90 | 90 | 90 | 90 |
| ४०- ४३ वर्ष | 84 | 90 | 90 | 90 | 90 |
| ४३- ४६ वर्ष | 90 | 90 | 90 | 90 | 90 |
| ४६ भन्दा माथि | 90 | 90 | 90 | 90 | 90 |

**नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।**

## अनुसूचि-२

**वि.सं.२०७५ साल साउन १ भन्दा अगाडीको करको हकमा आ.व.७४।७५ कै मालपोत दर रेट अनुसार हुन आउने कुल मालपोत रकममा २५ प्रतिसत जरिमाना गरी मालपोत उठाउने र २०७५ साउन १ गते देखिको लागि देहाय बमोजिम जग्गाको मूल्यको आधारमा मालपोत वा भूमि कर लिने ।**

देहाय,

**जग्गाको न्यूनतम मूल्य**

**१ नं वडा देखि  वडा नं.६ सम्मको गाउँपालिका क्षेत्र भित्रको जग्गा**

| सि.नं | विवरण | न्यूनतम दर प्रति कठ्ठा |
|---|---|---|
| 1 | कटकुईया-गंगापुर(हुलाकी सडकको दायाँ बाँयाँको जग्गामा ३५ मिटर सम्म) | ५,००,०००/- |
| 2 | हुलाकी सडकको दाँयाँ बाँयाँ देखि गाउँतिर जाने सडकको दाँयाँ बाँयाँको जग्गा( हुलाकी रोडको शाखा बाटोको जग्गामा ३५ मिटर सम्म) | २,५०,०००/- |
| 3 | कुनै पनि सडकले नछोएको खेतीयोग्य जग्गा | ९०,०००/- |
| 4 | बगर | २०,०००/- |
| 5 | माथी उल्लेख भएदेखि बाहेक | २०,०००/- |

## भूमि करको दर

| सि.नं | करयोग्य भूमिको मूल्य | बार्षिक दर रु. |
|---|---|---|
| १ | १० लाख सम्म | १००/- |
| २ | १० लाख देखी माथी जति सुकै भएपनि | १० प्रतिलाख |

## अनुसूचि-३

**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, गोदाम, भवन, पसल, टहरा, ग्यारेज, जग्गा, पोखरी,मेशिन औजार वा अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा बहाल दिएको मितिलाई अधार मनि बहाल अंकको १० प्रतिशतका दरले बहाल कर लगाउने । संगठित व्यक्ति वा संस्थाले बहाल बुझाउदा अग्रीम रुपमा स्रोतमा कर कट्टि गरी दाखिला गर्ने । कर अवधी गणना गर्दा दैनिक,मासिक वा बार्षिक अवधीलाई आधार मानिने । गाउँ कार्यपालिकाले विभिन्न क्षेत्रको न्यूनतम बहाल दर तोक्न सक्ने । करदाताले स्वयं घोषणा गरेको आधारमा बहाल कर निर्धारण गरिनेछ ।**

## अनुसूचि-४

**गाउँपालिका क्षेत्रभित्र सञ्चालित तथा अबदेखि दर्ता हुने उद्योग व्यवसायको गाउँपालिकामा दर्ता गरी लगानी र प्रकारको आधारमा देहाय बमोजिमको बार्षिक व्यवसाय कर लगाइनेछ ।**

### व्यवसाय करको दर (वार्षिक दर्ता तथा नवीकरण शुल्क)

| | | |
|---|---|---|
| 1 | सबै खालको खुद्रा पसल (सुर्ति, मदिरा, गुट्का बाहेक) | 200.00 |
| 2 | किराना पसल(चामल, दाल, तरकारी, चिसो पेय पदार्थ समेत) | 300.00 |
| 3 | सुर्ति, मदिरा, गुट्काको खुद्रा पसल | 1000.00 |
| 4 | सबै खालको होल सेल, डिलर, डिष्ट्रीव्युटर | 1000.00 |
| 5 | कपाल काट्ने नाईको पसल,पान पसल तथा व्युटी पार्लर सेवा | 200.00 |
| 6 | कम्प्युटर टाइपिंग, फोटो कपी सेवा, पी.सी. ओ. सेवा आदि | 300.00 |
| 7 | इन्जिनियरिंग, लेखापरीक्षण, कानुन व्यवसायी लगायत सेवा व्यवसायहरु | 500.00 |
| 8 | साना उद्योग | 500.00 |
| 9 | मध्यम उद्योग | 1000.00 |

| | | |
|---|---|---|
| 10 | ठुला उद्योग | 5000.00 |
| 11 | सेलर मिल | 1500.00 |
| 12 | एन.जी.ओ. दर्ता | 2000.00 |
| | नविकरण | 1500.00 |
| 13 | सहकारी संस्था दर्ता | 800.00 |
| | नविकरण | 500.00 |
| 14 | मेडिकल वा सर्जिकल पसल खुद्रा | 1000.00 |
| | नविकरण | 500.00 |
| 15 | मेडिकल वा सर्जिकल पसल होलसेलर | 3000.00 |
| | नविकरण | 1000.00 |
| 16 | सुर्ति उद्योग वा मदिरा उद्योग | 10000.00 |
| | नविकरण | 5000 |
| 17 | व्यवसाय दर्ता (गैर नेपालीको नाउंमा सम्वन्धित दुतावासको सिफारिशमा) | 5000.00 |
| 18 | मेडिकल क्लीनिक दर्ता तथा सामुदायिक अस्पताल | 1000.00 |
| | नविकरण | 500.00 |
| 19 | व्यावसायिक अस्पताल तथा पोलिक्लिनिक | 10000.00 |
| | नविकरण | 500.00 |
| 20 | पेट्रोल पम्प | 10000.00 |
| | नविकरण | 3000.00 |
| 21 | ईट्टा भट्टा<br>क) आधुनिक चिम्नी दर्ता | 10000.00 |
| | नविकरण | 5000.00 |
| | ख) भुस दर्ता | 5000.00 |
| | नविकरण | 1000.00 |
| 22 | केशर तथा हयुम पाईप उद्योग | 10000.00 |
| | नविकरण | 5000.00 |
| 23 | निजी विद्यालय प्राथमिक तहसम्म | 5000.00 |
| | नविकरण | 3000.00 |

| | | |
|---|---|---|
| 24 | निजी विद्यालय माध्यमिक तहसम्म | 10000.00 |
| | नविकरण | 5000.00 |
| 25 | मन्दिर, मस्जिद, गुम्बा, चर्च आदी धार्मिक संस्था | 100.00 |
| | नविकरण | 50.00 |
| 26 | अन्य व्यवसाय(माथी उल्लेख भएदेखि बाहेक) | 500.00 |
| | नविकरण | 100.00 |

**अनुसूचि-५**

**ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीबितजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत प्रति एकाई प्रति पटक रु १० जडीबुटी, कवाडी र जीबजन्तु कर लाग्ने । कवाडी मालसामानका हकमा निम्न बमोजिम हुने  साथै संकलन गर्ने कार्यबिधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुने छ ।**

**क) कागज जन्य सामानकालागि प्रति किलो ग्राम रु एक,**
**ख) फलाम जन्य सामानकालागि प्रति किलो ग्राम रु दुई,**
**ग) स्टिल जन्य सामानकालागि प्रति किलो ग्राम रु दुई र**
**घ) अन्यका हकमा प्रति किलो ग्राम रु दुई**

**अनुसूचि-६**

# विज्ञापन कर

**नरैनापुर गाउँपालिका क्षेत्र भित्र गाउँ कार्यपालिका कार्यलय वा सम्बन्धीत वडा कार्यालयको अनुमती लिएर मात्र विज्ञापन सामाग्री राख्न पाउने गरी देहाय बमोजिम विज्ञापन कर लगाउन उपयुक्त हुन्छ ।**

**१.भवनको छत, कौशी वा पूरै झ्याल ढाक्ने गरी विज्ञापन सामाग्री राख्न नपाईने ।**

**२.बाटोको सिमाना देखि १० फिट भित्र र सँधियारको सिमाना देखि ५ भित्र तथा सार्वजनिक निकायमा विज्ञापन सामाग्री राख्न नपाईने ।**

**३.भवन, जमिन, व्यापारिक केन्द्र, पसल,होटल, रेष्टुरेन्ट, विद्यालय, पेट्रोल पम्प लगायत भवनको भित्रि भागमा विज्ञापन प्रयोजनको लागि राखिएको प्रचार सामाग्रीमा विज्ञापन कर छुट नहुने ।**

**४.सुर्तिजन्य, मदिरा तथा नेपाल सरकार र गाउँ कार्यपालिका कार्यलयबाट निषेध गरिएका विज्ञापन वा प्रचार सामाग्री राख्न पाइने छैन ।**

**५.विज्ञापन करको दरः**

क) फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्गफुट रु.दुई सय,

ख) नियोन, ग्लो साइन, डिजिटल बोर्डबाट गरिने प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्गफुट रु.तिन सय पचास,

ग) खेल मैदान, मेला, जात्रा, पर्व र अन्य  यस्तै प्रकृतिका कार्यक्रममा हुने प्रचार सामाग्रीको बिस वर्गफुट सम्मका लागि प्रति दिन रु.दुई सय र सोभन्दा बढी वर्गफिटका लागि प्रति दिन रु.तिन सय विज्ञापन कर उठाइने ।

घ) अन्यको हकमा प्रति वर्गफिट प्रति वर्ष रु.दुई सय ।

## अनुसूचि-७
## मनोरञ्जन कर

गाउँपालिका क्षेत्रभित्र जादु, सर्कस वा मेला लगाए बापत रु.एक हजार मनोरञ्जन कर उठाउने ।

## अनुसूचि-८

गाउँ कार्यपालिकाले तोके बमोजीम बहाल बिटौरी कर उठाउने ।

## अनुसूचि-९
## दस्तुर दर

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| 1 | नागरिकता सिफारिस वंशज | 120.00 |
| 2 | अंगीकृत नागरिकता सिफारिश | 200.00 |
| 3 | नाता प्रमाणित | 200.00 |
| 4 | वैवाहिक नागरिकता | 170.00 |
| 5 | विपन्न विद्यार्थी सिफारिश | निशुल्क |
| 6 | अपांग सिफारिश (निशुल्क) | 00.00 |
| 7 | छात्रबृति सिफारिश | 100.00 |
| 8 | सर्जमिन सिफारिस | 500.00 |

| | | |
|---|---|---|
| 9 | जग्गा खरीद बिक्रि सिफारिश | 300.00 |
| 10 | व्यवसाय दर्ता सिफारिश | 500.00 |
| 11 | व्यवसाय नामसारी सिफारिश | 200.00 |
| 12 | व्यवसाय बन्द सिफारिश | 500.00 |
| 13 | व्यवसाय संचालन नभएको सिफारिश (जति बर्ष भए पनि) | 200.00 |
| 14 | घर नक्सा पास सिफारिस | 1000.00 |
| 15 | घर कायम सिफारिश | 500.00 |
| 16 | मोही लगत कट्टा | 500.00 |
| 17 | चार किल्ला प्रमाणित (प्रति घडेरी) | 500.00 |
| 18 | चार किल्ला प्रमाणित (खेती योग्य जमीन) | 250.00 |
| 19 | जन्म दर्ता शुल्र्क (३५ दिन भित्र निशुल्क) | 100.00 |
| 20 | मृत्यु दर्ता(३५ दिन भित्र निशुल्क) | 100.00 |
| 21 | विवाह दर्ता  दस्तुर (३५ दिन नाघेमा) | 100.00 |
| 22 | विदेश जानका लागि सिफारिस (सार्क मुलुकमा ) | 500.00 |
| 23 | विदेश जानका लागी सिफारिस तेस्रो मुलुकमा | 1000.00 |
| 24 | विदेशको लागि सीफारीस | 1000.00 |
| 25 | नागरिकता प्रतिलिपी सिफारिस | २00.00 |
| 26 | पञ्जिकरण प्रतिलिपि | 100.00 |
| 27 | नाम ,थर, जन्ममिति शंशोधन सिफारिस | 500.00 |
| 28 | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी आवासीय | 200.00 |
| 29 | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी व्यवसायीक | 500.00 |
| 30 | ट्रेस नक्सा निर्माण तथा प्रमाणित पहिलो कित्ता माग भएमा | 200.00 |
| 31 | ट्रेस नक्सा प्रमाणित मात्र पहिलो कित्ता माग भएमा | 300.00 |
| 32 | ट्रेस नक्सा १ कित्ता भन्दा बढी भाग भएमा प्रति कित्ता थप | 50.00 |
| 33 | कम्प्यूटर (English Type) सिफारिस | 500.00 |

| | | |
|---|---|---|
| 34 | पेन्सन पट्टा सिफारिस (स्वदेशी संस्थामा) | 500.00 |
| 35 | पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा) | 1000.00 |
| 36 | औद्योगिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | 1000.00 |
| 37 | औद्योगिक प्रयोजनको लागि सानो सर्जमिन दस्तुर | 500.00 |
| 38 | व्यवसायिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | 200.00 |
| 39 | व्यवसायिक प्रयोजनको लागि सानो | 100.00 |
| 40 | स्थानीय ठेगाना प्रमाणित सिफारिस | 100.00 |
| 41 | निवेदन दस्तुर | 10.00 |
| 42 | मिलापत्र दस्तुर | 200.00 |
| | न्यायीक समितिमा उजूरी,मुद्दा दर्ता तथा प्रतिउतर दर्ता दस्तूर | 100.00 |
| 43 | जग्गा दर्ता सिफारिस प्रति कठ्ठा(घडेरी भएमा,न्युनतम एक कठठाको) | 100.00 |
| 44 | जग्गा दर्ता सिफारिस प्रति विगाहा(खेती योग्य भएमान्युनतम एक विगाको) | 500.00 |
| 45 | राजिनामा/बकसपत्र सिफारिस | 500.00 |
| 46 | जग्गा सिमा विवादमा सिमांकन सेवा शुल्क | 3000.00 |
| 47 | फिल्ड रेखांकन पहिलो कित्ता | 3000.00 |
| 48 | फिल्ड रेखांकन थप प्रतिकित्ता | 3000.00 |
| 49 | कार्य अनुभव सिफारिश पत्र | 500.00 |
| 50 | नयाँ संस्था दर्ता सिफारिश | 500.00 |
| 51 | नवीकरण सिफारिस | 100.00 |
| 52 | आय स्रोत प्रमाणित सिफारिस (आयको) | |
| | वार्षिक आय रु.१लाखदेखि ३ लाखसम्मको | 500.00 |
| | रु.३लाखभन्दा बढीको वार्षिक आम्दानीको | 1 प्रतिशत |
| 53 | निजी विद्यालय अपग्रेड सिफारिस | |
| 54 | नि.मा.वि. सम्मको लागि | 1000.00 |
| 55 | मा.वि. सम्मको लागि | 2000.00 |

| | | |
|---|---|---|
| 56 | प्राथमिक विद्यालय दर्ता सिफारिश | 1000.00 |
| 57 | उद्योग स्थापना सिफारिस | 500.00 |
| 58 | उद्योग नामसारी तथा ठाउँसारी सिफारिस | 500.00 |
| 59 | पशु वस्तु (राँगा भैंसी, गोरु) को निकासी सिफारिस प्रतिगोटा | 50.00 |
| 60 | खसी निकाशी सिफारीस प्रति गोटा | 25.00 |
| 61 | घर जग्गा नामसारी सिफारिश दस्तुर<br>क) १० कठ्ठासम्म | 50.00 |
| | ख) १० कठ्ठाभन्दा माथि प्रति कठ्ठा | 10.00 |
| 62 | घरबाटो सिफारीस<br>हुलाकी सडकसगैं जोडीएको जग्गाको हकमा १० कट्ठासम्म | 350.00 |
| 63 | क)१० (दश कट्ठा भन्दा माथि प्रतिकट्ठा ) | 40.00 |
| 64 | ख)कुनैपनि सडकसँग नजोडिएको जग्गाको हकमा १० कठ्ठासम्म | 150.00 |
| 65 | अन्य सडकसँग जोडिएको जग्गाको हकमा १० कट्ठासम्म | 200.00 |
| 66 | घर जग्गाको मूल्यांकन रु ५०,००० सम्मको | 250.00 |
| 67 | रु ५०,००० भन्दा माथि | 1 प्रतिशत |
| 66 | घरवास मिन्हा प्रमाणित दस्तुर | 300.00 |
| 68 | कृषि फर्म दर्ता सिफारिश | 100.00 |
| 69 | परीचय पत्र दस्तुर सीमा आवागमन | 150.00 |
| 70 | भरुवा बन्दुक नविकरण दस्तुर | 200.00 |
| | जरिवाना | 100.00 |
| 71 | कमजोर आर्थिक अवस्था सिफारिश | 100.00 |
| 72 | बलियो आर्थिक अवस्था सिफारिश | 1000.00 |
| 73 | जडाबुटी निकासी सिफारिश २५ के.जी.सम्म<br>सो भन्दा बढी प्रति के.जी. | 100.00<br>3.00 |

| | | |
|---|---|---|
| 74 | बालुवा मोरंग निकासी  प्रति टिप<br>ढुंगा निकासी जिससबाट ठेक्का भएको बाहेकको खोला,नालाबाट | 50.00<br>100.00 |
| 75 | फाराम शुल्क सबै प्रकारको | 100.00 |
| 76 | नक्सा पास निवेदन फाराम | 1000.00 |
| 77 | अन्य सिफारीश | 60.00 |
| 78 | ओडिएफ कार्ड /शिक्षा तथा सरसफाई कार्ड नविकरण दस्तुर | 50.00 |
| 79 | ऐलानी जग्गा सिफारिस | 150.00 |

## अनुसूचि-१०
## जरिवाना

**गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनको बर्खीलाप हुने गरी कार्य गर्नेलाई देहाय बमोजिम जरिवाना हुनेछ।**

**१.राँगा भैसी छरुवा/छाडा छाडेमा धनी वा हकवालाबाट पटकैपिच्छे प्रत्येकको रु.५०० का दरले जरिवाना गर्ने।**

**२.गाई गोरु छरुवा/छाडा छाडेमा धनी वा हकवालाबाट पटकैपिच्छे प्रत्येकको रु.२०० का दरले जरिवाना गर्ने।**

**३. बाखा भेडा छरुवा/छाडा धनी वा हकवालाबाट पटकैपिच्छे प्रत्येकको रु.२०० का दरले जरिवाना गर्ने।**

**४.अनधिकृत रुपमा ढुंगा गिट्टि र बालुवा उत्खनन वा ओसारपसार गरेमा पटकैपच्छि प्रति ट्रिप रु.१० हजार जरिवाना गर्ने।**

**५.प्लटिङ अनुमति पाई प्लटिङ गरिराखेको बाहेक खेतीयोग्य जग्गामा खेती नगरी सालभरी जग्गा बाँझो राखेमा सम्बन्धीत जग्गा धनिबाट त्यसमा लाग्ने बार्षिक मालपोतको २५ प्रतिशत जरिवाना गर्ने।**

**६.आ.ब.२०७५ साल मंशिर मसान्तसम्म हरेक घरमा एक शौचालय अनिबार्य गर्ने । त्यस पछि .२०७५ साल पुस १ गतेबाट लागू हुनेगरी शौचालय बाहिर दिसा गरेमा पटकै पिच्छे रु.५० जरिवाना गर्ने र शौचालय नबनाई अटेर गर्नेलाई गाउँपालिकाले दिने सेवा सुविधा कटौती गर्ने।**

**७. विद्यालयमा बालबालिकालाई पढन नपठाउनेलाई प्रति बालबालिका रु.५० प्रतिदिन जरिवाना गरी गाउँपालिकाले दिने सेवा सुविधा कटौती गर्ने। यसको लागि शिक्षा तथा सरसफाई दूतलाई अधिार दिने**

**। तन्नम गरिबीको कारण बालबालिकालाई बिद्यालय पठाउन नसकेको हकमा गाउँपालीकाले विशेष व्यवस्था गर्ने ।**

**८.गाउँपालिकाले बनाएको वा अन्य सार्वजनिक संरचना कसैले बिगारेमा वा नष्ट गरेमा वा चोरि गरेमा सो भएको क्षति बापत बिगो बमोजिमको दोब्बर रकम जरिवाना गरी मालबस्तु जफत गरि अन्य प्रचलित कानुन बमोजिम समेत कारबाई चलाईनेछ ।**

## अनुसूचि-११
## विविध
### घाटउत्राही ठेक्कामा लाग्ने कर

| सि.नं | विवरण | इकाई | ०७४/७५ को लागि दर (रु) मु.अ. कर बाहेक |
|---|---|---|---|
| १ | मानिस | प्रति एकको | ५ |
| २ | चौपाया | प्रति एकको | ५ |
| ३ | जीप, कार | प्रति एकको | ५० |
| ४ | साइकल | प्रति एकको | ५ |
| ५ | बाखा, बाख्री, भेडा, भेडी | प्रति एकको | २ |
| ६ | टांगा, लडिया खाली | प्रति एकको | २० |
| ७ | टांगा, लडिया भर्ती | प्रति एकको | ३० |
| ८ | डनलप गाडा खाली | प्रति एकको | २० |
| ९ | डनलप गाडा भर्ती | प्रति एकको | ३० |
| १० | मोटर साइकल | प्रति एकको | १० |
| ११ | ट्र्याक्टर खाली | प्रति एकको | ४० |
| १२ | ट्र्याक्टर भर्ती | प्रति एकको | ८० |